# भेटेरिनरी एसोसिएसनको सम्मेलन रुपन्देहीमा




**श्यामलाल पोखरेल**
*बुटवल, १४ चैत*

नेपाल भेटेरिनरी एसोसिएसनले यही चैत २७ र २८ गते रूपन्देहीमा १६औँ राष्ट्रिय भेटेरिनरी सम्मेलन गर्ने भएको छ। नेपालमा पशु स्वास्थ्य, प्रविधि तथा अनुसन्धानसम्बन्धी विकासलाई प्रवर्द्धन गर्ने उद्देश्यले भेटेरिनरी सम्मेलन गर्न लागिएको जनाइएको छ।

दुई दिनसम्म चल्ने सम्मेलनमा १५० भन्दा बढी अनुसन्धानपत्र प्रस्तुत हुने शनिबार पत्रकार सम्मेलन गरी एसोसिएसनले जानकारी गराएको छ। सम्मेलनमा पशु विभागका तर्फबाट समग्र पशुपन्क्षी क्षेत्रको वर्तमान अवस्था र आगामी कार्यदिशाको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञहरूबाट नीतिगत प्रस्तुति रहने जानकारी गराइएको छ।

सम्मेलनमा नेपालसहित ७ भन्दा बढी देशका प्रतिनिधिहरूको सहभागिता रहने छ। पशु चिकित्सकहरूको मात्रै सहभागिता रहने उक्त सम्मेलनमा १५ भन्दा बढी अन्तर्राष्ट्रिय आमन्त्रित वक्ताले प्राविधिक क्षेत्रमा गर्नुपर्ने सुधारका साथै नयाँ सरकारलाई नीतिगत सुधारका लागि सुझाव दिने कार्यक्रम रहेको नेपाल भेटेरिनरी एसोसिएसनका अध्यक्ष डा. केशर सुवेदीले बताए।

स्वास्थ्य महामारी नियन्त्रण, खाद्य सुरक्षा, जलवायु परिवर्तनबारे विज्ञहरूले कार्यपत्र प्रस्तुत गर्ने कार्यक्रम रहेको बताइएको छ। नेपाल भेटेरिनरी एसोसिएसन लुम्बिनी प्रदेशको व्यवस्थापनमा हुने सम्मेलनबाट मानव, पशु र वाताववणबीचको अन्तरसम्बन्धलाई वैज्ञानिक तथा व्यवहारिक दृष्टिकोणबाट उजागार गर्ने लक्ष्य राखिएको अध्यक्ष सुवेदीले बताए। उनले नेपाल पशुपालनमा आत्मनिर्भर उन्मुख रहेको र खसी बोकामा आतमनिर्भर बन्ने अवस्थामा रहेको बताए।


राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विज्ञ अनुसन्धानकर्ता, विद्यार्थी र सरोकारवाला निकायका प्रतिनिधिहरूको सहभागिता सम्मेलनको पूर्वसन्ध्यामा चैत २६ गते एष्ट्राटेक अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा नेपालभरका भेटेरिनरीहरूबीच मैत्रीपूर्ण क्रिकेट प्रतियोगिता आयोजना गरिएको नेपाल भेटेरिनरी एसोसिएसनका महासचिव शंकर न्यौपानेले बताए।

महासचिव न्यौपानेका अनुसार विद्यार्थीको क्षमता विकासलाई प्रोत्साहन गर्नका लागि स्टुडेन्ट पोष्टर प्रतियोगिता आयोजना गरिएको छ। उक्त प्रतियोगितामा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ।

सम्मेलनमा २५ वर्ष बढी योगदान पुराएका अनुभवी पशु चिकित्सिकहरूलाई सम्मान तथा राष्ट्रियस्तरका विभिन्न पुरस्कारहरू प्रदान गरिने छ। तिलोत्तमास्थित होटल ड्रिमल्याण्डमा हुने सम्मेलनमा करिब ५ सय जना पशु चिकित्सकको उपस्थिति रहने बताइएको छ।

# 'कोर्ट म्यारिज'प्रति आकर्षण बढ्दो

**नारायण न्यौपाने**
*काठमाडौँ, १४ चैत*



यही चैत ११ गतेका दिन कालो जिन्सको ज्याकेट र पेन्टमा जिल्ला अदालत काठमाडौँ परिसरमा भेटिनुभएका बाजुरा त्रिवेणी नगरपालिका-७ का लोकेसकुमार अयडी निकै हतारमा देखिन्थे। उनीसँगै सोही जिल्लाकै गौमूल-४ की पुनम कुँवर हरियो कुर्ता सुरुवालमा अघिपछि गर्दै थिइन्। उनीहरू अदालतमा अन्य कुनै प्रशासनिक झमेला र न्यायका लागि आएका भने थिएनन्।

उनीहरू त्यहाँ अदालती विवाह अर्थात् दर्ता विवाहका लागि आएका थिए। आवश्यक प्रक्रिया पूरा गरिसकेपछि दुलहा अयडी र दुलही कुँवरले सोही दिन नै विवाह दर्ताको प्रमाणपत्र प्राप्त गरे। वैदेशिक रोजगारीका सिलसिलामा जापानमा रहेका अयडी छोटो बिदामा नेपाल आएर घरपरिवारसँगको सहमतिमा अदालती विवाह गरे।

दुलहा अयडी भन्छन्, 'चैत महिना छ, परम्परागत विवाह गर्न लगन, तिथि र मिति जुरेन। त्यो नभएपछि घरपरिवारको अनुमतिमा अदालती विवाह गर्ने निधो गरेँ। घर पुग्न सम्भव भएन, कम खर्चिलो, छोटो समयमा हुने भएकाले यो बाटो रोजेको हुँ।' त्यसो त धेरैले विवाह भन्ने बित्तिकै गर-गहनासहित चिटिक्कै वेशभूषामा सजिएका दुलहादुलही परम्पराअनुसारको सजावट सम्झिनु स्वाभाविक हो।

पछिल्लो समय बढ्दो दर्ता विवाहले त्यस्ता परम्परागत भाष्य चिर्न थालेको छ। अयडी र कुवँरको जोडी मात्र होइन, यही चैत १० गते तनहुँको भानु नगरपालिका-१२ का कसम पन्त र धादिङ त्रिपुरासुन्दरी गाउँपालिका-१ की भावना गिरीले पनि सोही अदालतबाट दर्ता विवाह गरे। पन्त र गिरीको जोडी सामान्य पोसाकमा विद्यार्थीझैँ पछाडि ब्याग भिरेर भर्खरै प्राप्त गरेको दर्ता विवाहको प्रमाण लिई 'साइन बोर्ड'मा अदालत लेखिएको अक्षर कैद हुनेगरी तस्बिर खिचाइ रहेका थिए।

दुलहा पन्तले भने, 'स्वअध्ययनबाट 'कोट म्यारिज' भरपर्दो, विश्वासिलो हुन्छ भन्ने थाहा पाएर यहाँ आएको हुँ, यो आफैँ पनि कानुनी विवाह हो। केटाकेटी र घरपरिवार राजी भएमा छोटो समयमा पूरा हुने, कम खर्चिलो, सजिलो र परिवारलाई आर्थिक भार व्यहोर्न नपर्ने विवाह हो।'

पछिल्लो समय बढ्दको सहरीकरण, वैदेशिक रोजगारी, व्यस्तता तथा भड्किलो बनिरहेको सामाजिक परम्पराले दर्ता विवाह (कोर्ट म्यारिज)प्रति आम नागरिकको चासो र आकर्षण बढेको देखिन्छ। अदालती विवाहले बालविवाह, बहुविवाह, झूटो-विवाहलाई निरुत्साहित गर्ने र समयको बचत गरी दाइजो प्रथाजस्ता सामाजिक कुप्रथालाई पनि न्यूनीकरण गर्ने हुँदा यसप्रति समाज सकारात्मक बन्दै गएको हो।

काठमाडौँ जिल्ला अदालतमा सबैभन्दा धेरै गत फागुनमा एकै दिन २७ जोडीले दर्ता विवाह गरेको तथ्याङ्क छ। अदालतका सूचना अधिकृत दीपककुमार श्रेष्ठका अनुसार लगन भएको दिन अधिकतम २७ र अघिपछि सरदर दैनिक १० वटासम्म दर्ता विवाह हुने गरेका छन्।

चालू आर्थिक वर्षको नौ महिनामा (चैत ११ गतेसम्म) त्यस अदालतबाट एक हजार ७५५ वटा दर्ता विवाह भएको उनले जानकारी दिए। अघिल्लो आर्थिक वर्षमा दर्ता विवाहका लागि दुई हजार ८४३ निवेदन परेका थिए। तर, कूल दर्ता विवाहको अभिलेख भने जेनजी आन्दोलनमा जलेको जिल्ला अदालतले जनाएको छ।

नेपाली परम्पराअनुसार लगनका आधारमा विवाहका लागि उपयुक्त महिना तोकिएका हुन्छन्। तर, त्यस्ता परम्परागत विवाहका महिना नमानिने साउनमा १९४, कात्तिकमा १५९, पुसमा २२६ र चैतको ९ गतेसम्म ६७ वटा दर्ता विवाह भएको काठमाडौँ जिल्ला अदालतको अभिलेखमा उल्लेख छ।

**दर्ता विवाहमा कानुनको प्रोत्साहन**

समाजशास्त्री टीकाराम गौतम दर्ता विवाह आधुनिक समाजको विशेषता र समाज परिवर्तनको सङ्केतका रूपमा रहेको बताउँछन्। उनी भन्छन्, 'समाजमा हुने सबै संस्कृतिलाई सामाजिक संरचना र मानिसका आवश्यकतासँग जोडेर व्याख्या गरिन्छ। अहिले नेपाली समाजको धार्मिक, राजनीतिक, सांस्कृतिकलगायत सामाजिक संरचना हिजोभन्दा धेरै परिवर्तन भएको छ। त्यो अभ्यास बदलिने क्रममा दर्ता विवाहको सङ्ख्या पनि बढेको हो।'

कानुन र आफन्तलाई साक्षी राखी तोकिएको योग्यता पूरा गरी हुने अदालती विवाहलाई राज्यले सधैँ प्रोत्साहन गर्दै आएको छ। विवाहका लागि लगन रहेको गत फागुनमा काठमाडौँ अदालतबाट २५९ युवायवतीले दर्ता विवाह गरेका थिए। त्यस महिनामा नेपाली र विदेशी नागरिकबीच ७८ जोडीको दर्ता विवाह भएको छ।

दर्ता विवाह गर्ने जोडीहरू अधिकांश अध्ययन, व्यापार, रोजगारीका सिलसिलामा विभिन्न पेसा व्यवसायमा काठमाडौँमा रहेका र विवाह दर्ताका लागि आफ्नो स्थायी ठेगानामा जान अनुकूल नहुनेहरू हुने गरेका छन्। वरिष्ठ अधिवक्ता सुनिता रेग्मी पोखरेल दर्ता विवाह पहिले प्रमुख जिल्ला अधिकारीको कार्यालयबाट हुने गरेकामा हाल जिल्ला अदालतमा बताउँछिन्।

'वैदेशिक रोजगारीमा युवा विदेश जाने क्रम बढेसँगै यो सङ्ख्या पनि बढेको पाइन्छ। केटा होस् वा केटी विदेशबाट नेपाल आई दर्ता विवाह गर्दा दुवैका लागि आधिकारिक र प्रमाणित काजगात बन्ने हुनाले पनि यसको महत्व बढेको हो,' उनी भन्छिन्, 'ऐनले पनि विवाहलाई सार्वजनिक गर्न भनेको छ।

कन्यादान, गोडाधुने, छोरी जिम्मा लगाउनेलगायतका परम्परागत विवाह प्रक्रियामै दोष छ भन्ने युवाको बुझाइले गर्दा यस्ता विवाहमा प्रोत्साहन मिलेको हो।' विवाह दर्ता र दर्ता विवाह फरक विषय हुन्। पञ्जिकाधिकारी कार्यालयमा गरिने कार्य विवाह दर्ता हो भने दर्ता विवाह अदालतमा गरिने विषयमा प्रस्ट हुनपर्ने वरिष्ठ अधिवक्ता रेग्मी बताउँछिन्।

**पाँच सय रूपैयाँमा विवाह**

दर्ता विवाहका लागि दुवै पक्षको साक्षीको नागरिकताको प्रमाणित नक्कल प्रतिलिपिसहित केटाकेटीले कानुनबमोजिम आफूहरू विवाहका लागि योग्य छौँ भनी तस्बिर टाँसेर निवेदन दिनुपर्ने हुन्छ। अदालतले दर्ता विवाह गरेबापत रु ५०० शुल्क लिने गरेको छ। काठमाडौँ जिल्ला अदालतमा विवाहका लागि आएका कैलाली लम्कीका विनोद विष्ट रोजगारीका लागि सर्बिया जान लागेकाले छोटो समयको सदुपयोग गर्दै दर्ता विवाह गरेको बताए।

उनले भने, 'आधिकारिक निकायमा आएर कानुनी विवाह गर्ने मौका जुऱ्यो, यो कम खर्चिलो मात्र नभई बाहिर जान आवश्यक काजगात बनाउन पनि सजिलो हुने रहेछ।' विवाहका लागि अदालती प्रक्रिया पूरा गरी यही चैत १० गते उनी कैलालीकै रश्मी बडुवालसँग वैवाहिक बन्धनमा बाँधिएका छन्।

कानुनमा अदालती दर्ता विवाहका लागि सात दिनको समय निर्धारण गरे तापनि सबै कागजात पुऱ्याएको खण्डमा एकै दिन विवाह दर्ता प्रमाणपत्र दिँदै आएको अदालतका सूचना अधिकारी श्रेष्ठले बताए।

काठमाडौँमा मुलुकका ७७ जिल्लाका नागरिक बसोबास गर्ने तथा कतिपय अवस्थामा हतारमा विवाह गरेर विदेश जानुपर्ने अवस्थालाई दृष्टिगत गरी दुई घण्टाभित्रै पनि प्रमाणपत्र दिन सकिने व्यवस्था गरिएको उनले स्पष्ट पारे। 'यो अदालतले सेवाग्राहीलाई उपलब्ध गराएको 'फास्ट ट्र्याक सेवा' हो,' उनले भने।

अदालती विवाहले नेपाली समाजमा विगतमा देखिँदै आएको जातीय विभेद न्यूनीकरण गर्नसमेत सहयोग पुऱ्याएको दलित अधिकारकर्मीको बुझाइ छ। अदालती विवाहमा आउने कतिपय दुलहा र दुलही सिङ्गारिएर परिवारका साथमा आउने र साइत सम्बोधन हुनेगरी प्रमाणपत्र लिने गरेका उदाहरण पनि छन्।

नेपाली-नेपालीबीचमा विवाह गराउनका लागि दुवै जना अविवाहित भएको केटा र केटीको स्थायी बसोबासको सम्बन्धित वडा कार्यालयको सिफारिस आवश्यक पर्छ भने विदेशीको हकमा कम्तीमा १५ दिन नेपालमा बसोबास गरेको कागजात हुनुपर्छ। साथै, यहाँस्थित सम्बन्धित देशको दूतावासबाट 'नो अब्जेक्सन लेटर' तथा विवाहयोग्य भएको प्रमाणित सिफारिस आवश्यक पर्छ।

विदेशीका हकमा जुन देशको नागरिक हुन्, त्यस देशले विवाहका लागि न्यूनतम उमेर तोकिदिएको हुन्छ, त्यो जुनसुकै भाषामा भए पनि नेपाली भाषामा अनुवाद गरी पेस गरेको हुनुपर्छ। नेपालमा सम्बन्धित देशको दूतावास नभएको खण्डमा भारतमा रहेको दूतावासको सिफारिस पनि ग्रहण गर्ने अभ्यास रहेको छ।

**लगन हेरर अदालतमा पूर्वतयारी**

पछिल्लो समय दर्ता विवाहका लागि पनि कतिपय जोडीले ज्योतिषसँग साइत हेराएर आउने गरेको पाइएको छ। अदालतले पनि भोलिपल्ट विवाहका लागि लगन रहेछ भने सोही अनुरूपमा पूर्वतयारी र जनशक्ति व्यवस्थापन गर्दै आएको छ। अदालत परिसरमा दैनिकजसो अधिकांश जोडीबीच फूलमाला र औँठी साटासाट तथा सिन्दूरपोते पहिरिएर उत्सव मनाइने गरेको दृश्य देखिने गरेको छ।

पछिल्लो समय काम विशेष र व्यस्तताले पनि अदालती विवाहप्रति चासो बढेको छ। कतिपयले त अदालतमा विवाह दर्ता गरेपछि भने आफ्नो परम्परा र रीति परम्पराअनुसार विवाह गर्ने गरेकोसमेत पाइन्छ।

**हाँस्ने र रुने एकै ठाउँ हुँदा विवाह 'खल्लो'**

अदालतमा दर्ता विवाहका लागि बेग्लै भवन र परिसर नहुँदा उत्सवका रूपमा पुगेका जोडीलाई त्यसअनुकूलको वातावरण प्राप्त नहुने गरेको गुनासो छ। विभिन्न अपराधमा संलग्न व्यक्ति र विवाहका लागि पुगेका परिवारजन एकै ठाउँमा रहनुपर्ने बाध्यताले असहजता देखिएकाले विवाहका लागि छुट्टै स्थानको आवश्यकता महसुस भएको आवाज उठेको छ। वैवाहिक सम्बन्धले सामाजिक तथा पारिवारिक जीवनको सुव्यवस्थालाई समेत कानुनी मान्यता प्रदान गर्छ।

मुलुकका सबै जिल्ला अदालतमा विवाह दर्ता हुँदै आए पनि तुलनात्मक रूपमा ललितपुर, भक्तपुर, कास्की, रूपन्देही, सुनसरी, पर्सा, चितवन, मकवानपुरलगायतका जिल्लामा अदालती विवाह धेरै हुने गरेको छ। अदालतले कानुन र आफन्तलाई साक्षी राखी गरिने विवाहलाई सधैँ प्रोत्साहन गर्दै आएको छ। -रासस

# सुदूरपश्चिममा ७० आयोजना अलपत्र

**मिसन संवाददाता**
*सुदूरपश्चिम, १४ चैत*

सुदूरपश्चिम प्रदेश सरकारअन्तर्गत भौतिक पूर्वाधारतर्फका ७० वटा आयोजना ठेक्काको म्याद सकिएको लामो समय बितिसक्दा पनि सम्पन्न हुन सकेका छैनन्। ठेकेदार कम्पनीको ढिलासुस्ती र सरकारी निकायको प्रभावकारी अनुगमन अभावका कारण दर्जनौँ सडक र पुलका योजना अलपत्र परेका हुन्।

कैलालीको गौरीगंगा नगरपालिका-१ चौमाला चौराहा र वडा नं. २ पुरानो बजार जोड्ने पुल निर्माण यसको ज्वलन्त उदाहरण बनेको छ। ०७७ असारमा ७ करोड २३ लाख ८० हजार ८४२ रूपैयाँमा तीन वर्षमा सम्पन्न गर्ने गरी वाइपी निर्माण सेवासँग सम्झौता गरिएको उक्त पुल ६ वर्ष बितिसक्दा पनि पूरा हुन सकेको छैन। हालसम्म पुलको दुवैतर्फ स्पान निर्माण भए पनि स्ल्याब निर्माण बाँकी नै रहेको छ। पुल नबन्दा स्थानीयलाई दैनिक आवतजावतमा सास्ती खेप्नुपरेको छ। वडा नं. १ का नागरिक विद्यालय र स्वास्थ्य चौकीका लागि वडा नं. २ पुग्नुपर्ने र वडा नं. २ का बासिन्दा नगरपालिका कार्यालय, क्याम्पस र बजारका लागि वडा नं. १ आउनुपर्ने बाध्यता छ। विशेषगरी वर्षायाममा करिब तीन किलोमिटर घुमाउरो बाटो प्रयोग गर्नुपर्ने अवस्था रहेको स्थानीयको गुनासो छ।

यस्तै, बाजुराको मार्तडी-कोल्टी ४० किलोमिटर सडक स्तरोन्नति आयोजना पनि वर्षौंदेखि अलपत्र छ। ०७६-०७७ मै बहुवर्षीय ठेक्का लगाइए पनि विभिन्न तीन खण्डमा विभाजन गरिएको उक्त सडक अझै निर्माण सम्पन्न हुन सकेको छैन। सोही खण्डका दुई वटा पुलसमेत अधुरै छन्।

मार्तडी नजिक चुथीदेखि ३१ किलोमिटर सडक निर्माणका लागि पिएस बानियाँ जेभीसँग ५० करोड १६ लाख ९५ हजार रूपैयाँमा सम्झौता गरिएको थियो। चालू आर्थिक वर्षमा २० करोड बजेट विनियोजन भए पनि निर्माण कम्पनीले काम अघि बढाएको छैन।



प्रदेशका विभिन्न जिल्लामा ०७६ देखि लगाइएका १६ पुल र ५४ सडक गरी ७० वटा आयोजना म्याद सकिएर पनि अधुरै छन्। ११ अर्ब ७५ करोड ३० लाख ३३ हजार रूपैयाँमा ठेक्का सम्झौता गरिएका ती आयोजनामा हालसम्म ९ अर्ब ९६ करोड ९ लाख २ हजार रूपैयाँ खर्च भइसकेको छ।

चालू आर्थिक वर्ष ०८२-०८३ मा ती आयोजना सम्पन्न गर्न ६२ करोड २५ लाख रूपैयाँ मात्र विनियोजन गरिएको छ भने काम सम्पन्न गर्न करिब १ अर्ब १६ करोड ९६ लाख ६३ हजार आवश्यक पर्ने भौतिक पूर्वाधार विकास मन्त्रालयले जनाएको छ। मन्त्रालयका प्रवक्ता सुविक श्रेष्ठका अनुसार ठेकेदार कम्पनीलाई समयमा काम सक्न निर्देशन दिइएको र आवश्यक परे रकमान्तर गरेर बजेट व्यवस्थापन गरिने बताइएको छ।

कार्यालयहरूले अनुमान गरेको १६ अर्ब २० करोड ३० लाख २७ हजार लागतका आयोजना ठेकेदारले ४ अर्बभन्दा बढी घटाएर ११ अर्ब ७५ करोडमा लिएका थिए। तर न्यून दरमा ठेक्का लिएर समयमै काम नगर्ने प्रवृत्तिले समस्या झन् जटिल बनेको मन्त्रालयको निष्कर्ष छ।

पुराना आयोजना सम्पन्न नहुँदा प्रदेश सरकारलाई पटक-पटक बजेट विनियोजन गर्नुपर्ने तर खर्च हुन नसक्ने अवस्था सिर्जना भएको छ। यसले नयाँ तथा ठूला योजना अघि बढाउनसमेत बाधा पुगेको छ। यता, सम्बन्धित कार्यालयहरूले ठेकेदार कम्पनीलाई काम सम्पन्न गर्न नसकेको आरोप लगाउँदै आए पनि न त काम सम्पन्न गराउन सकेका छन्, न त प्रभावकारी कारबाही नै गर्न सकेका छन्। अधिकांश कार्यालय पत्राचारमै सीमित हुँदा समस्या झन् बढ्दै गएको छ।

पूर्वाधार विकास कार्यालय अछामका प्रमुख जंगबहादुर थापाका अनुसार अछाम र बाजुरामा १३ सडक र ६ पुलका आयोजना रहेकामा अधिकांश ठेक्का पटक-पटक म्याद थप्दा पनि सम्पन्न हुन सकेका छैनन्। 'कार्यालयमा बजेट थन्किएको छ, तर फिल्डमा काम भएको छैन,' उनले भने, 'निर्माण कम्पनीले तोकिएको समयभित्र काम सक्न सकेका छैनन्।'

# विद्यालय बाहिरका बालबालिका खोजी अभियान सञ्चालन गरिने

**बाजुरा।** बडीमालिका नगरपालिकाले विद्यालय बाहिर रहेका बालबालिकाको खोजी अभियान सञ्चालन गर्ने भएको छ। बडीमालिका नगरपालिकाको सभाहलमा नगरप्रमुख अमरबहादुर खड्काको अध्यक्षतामा बसेको बैठकले सो निर्णय गरेको हो। विद्यालय बाहिर रहेका बालबालिकालाई विद्यालयमा ल्याउने अभियान सञ्चालन गर्ने निर्णय गरिएको बडीमालिका नगरपालिका बालकल्याण अधिकृत रामबहादुर खत्रीले बताए।

छलफलले विद्यालय छाडेका तथा विद्यालय बाहिर रहेका बालबालिकाको खोजी, पहिचान र परामर्शमार्फत पुनः विद्यालय भर्ना गराउने अभियान सञ्चालन गर्ने नगरपालिकाले जनाएको छ। नयाँ वर्ष २०८३ भित्र यस्ता बालबालिकालाई शैक्षिक सामग्री, ड्रेसलगायत आवश्यक सहयोग उपलब्ध गराई विद्यालयमा टिकाइ राख्ने योजनासहित समितिले कामहरू अगाडी बढाउने निर्णय समेत गरिएको जनाएको छ।

यसका लागि बाल संरक्षण कोष तथा सरोकारवाला निकायसँग समन्वय गरिने जनाइएको छ। नगरपालिकाले बालअधिकार संरक्षण, शिक्षा पहुँच विस्तार र बालमैत्री वातावरण निर्माणको पहललाई प्राथमिकता दिने जनाएको छ।

त्यसैगरी नगरपालिकामा भएको छलफलले बालबालिकाको हकहित संरक्षण र शिक्षामा पहुँच सुनिश्चित गर्न समिति पुनर्गठन गरि नयाँ कार्यसमिति गठन समेत गरेको जनाएको छ। जसमा नगर उपप्रमुख नन्दाकुमारी थापा अध्यक्ष रहने गरी १७ सदस्यीय समिति गठन गरिएको बालकल्याण अधिकृत खत्रीले बताए। गठन गरिएको समितिमा जनप्रतिनिधि, शिक्षक, सामाजिक अभियन्ता तथा पत्रकार र विभिन्न शाखाका प्रतिनिधिहरूलाई सदस्यका रूपमा समेटिएको जनाइएको छ।


## कटारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल

## आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति: २०८२/१२/१५**

यस कार्यालयद्वारा प्रकाशित मिति २०८२/१२/०४ गतेको सूचना अनुसार तपसिलको खरिद कार्य सम्बन्धी बोलपत्र आह्वान भएकोमा दर्ता हुन आएका बोलपत्रहरू मध्ये तल उल्लेख भएको बोलपत्रदाता न्यून्तम मूल्याङ्कित सारभुत रूपमा प्रभावग्राही भई स्वीकृतको लागि छनोट भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ बमोजिम सम्बन्धित सबैलाई जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशित गरिएको छ।

**छनोट भएका बोलपत्रदाताको विवरण:**

| सि. न. | बोलपत्र न. | कार्यको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम रू. (भ्याट सहित) |
|---|---|---|---|---|
| 1. | KMUN/NCB/Goods/26/2082-083 | Supply and delivery of different equipment and machinery items | Jay Laxmi Traders Katari Municipality-4, Katari, Udayapur. | 68,80,290.40 |

प्रमुख प्रशासकीय अधिकृत